# मिति २०७७/०९/०२ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १ :**

यस उपमहानगरपालिकामा संचालित क्षेत्रिय शहरी बिकास आयोजना अर्न्तगत निर्माणधिन गुम्बा नालाको कतिपय ठाउँहरुमा घरहरु निर्माण भईसकेकोले उक्त ठाउँहरुमा नाला निर्माण गर्न आवश्यक नदेखिएको, गुम्बा नालाको प्रमुख निकाशका रुपमा रहेको दोन्द्रा नाला (बसपार्क पुर्व तर्फको कल्भर्ट देखि सुर्खेत रोडहुदै परसपुरसम्म) को निर्माण कार्य यसै आयोजनाबाट सम्पन्न भैसकेको र सोही दोन्द्रानालाको बसपार्क पूर्वतर्फको कल्भर्टदेखि माथि फुल्टेक्रा पोखरीसम्मको पानीलाई निकास गर्नका लागि उक्त नाला निर्माण गर्न अति आवश्यक भएकोले गुम्बा नाला निर्माणबाट बच्न जाने Stone Masionry (स्टोन मेशिनरी) तथा Brick Masonry (ब्रिक मेशिनरी) को परिमाणबाट बसपार्क पूर्वतर्फको कल्भर्टदेखि फुल्टेक्रा पोखरीसम्मको दोन्द्रानाला निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नेपालगंज उपमहानगरपालिकाको बसपार्कमा रहेका सटरहरु संचालन समेतमा कोभिड १९ को कारण भएको लकडाउनबाट प्रत्यक्ष प्रभाव परेकोले उक्त स्थान बसपार्कमा रहेका सटरहरुको बहाल २०७७ पौष १ गतेदेखि मात्र लिने गरी निजहरुलाई जानकारी दिन तथा कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने र बसपार्क भित्रको वासिङ र ग्रिसिङको भाडा समेत सोही मिति पौष १ गतेदेखि लिने गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस उप–महानगरपालिका अन्तर्गतको महेन्द्रपार्क पूर्ण रुपमा निर्माण भैसकेकोले सो क्षेत्रमा प्रवेश गर्नको लागि प्रवेश शूल्क रु.२५ लिने तथा मासिक रुपमा दैनिक ब्याम गर्ने प्रयोजनको लागि प्रतिब्यक्ति रु.२००।–मासिक शूल्क लिने र सो प्रयोजनको लागि कार्ड समेत बनाई दिने साथै पिकनिक प्रयोजनको लागि २० जना भन्दा कम भएमा रु.५००।– र २० जनाभन्दा बढि भएमा रु.१,०००।–लिने र बिवाह लगायत अन्य पार्टिमा साविककै दर अनुसार शूल्क लिने तथा साउण्ड सिस्टम बजाउन नदिने साथै विद्यार्थी, शिक्षकहरु अध्ययन/अवलोकन भ्रमणको लागि विद्यालयको पत्र सहित आएमा सो समूहलाई रु.१२५ शूल्क लिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस उप–महानगरपालिकाको उत्तरतर्फ बनेको नयाँ र पुरानो भवनको बिचको खाली स्थानमा पान पसल सञ्चालन गर्नको लागि ओम प्रकाश मिश्रा (ने.ग.११) ले निवेदन पेश गरेकोमा निजबाट मासिक भाडा रु.८,०००।– (रु.आठ हजार मात्र) कायम हुने गरि अर्को ब्यवस्था नहुने बेला सम्मको लागि निजलाई भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यातायात कार्यालय तथा नापी जाने बाटो र मालपोत कार्यालय अगाडी सवारी साधनको अत्याधिक भिडभाड हुने भएकोले सो क्षेत्रमा सवारी साधन ब्यवस्थापनको लगि ३ महिनाको लागि यातायात कार्यालय अगाडीको खाली जमिनको मासिक रु.१०,०००।–(अक्षेरुपी दश हजार मात्र।) र तपसिलको ४ (चार) वटा क्षेत्रहरुमा उल्लेखित सवारी साधनहरु पार्किङका लागि एकमुष्ट मासिक रु.१०,०००। (अक्षेरुपी दश हजार मात्र।) हुने गरि ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसिल**

## मिति २०७७/०९/०२ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

१. जिल्ला प्रशासन कार्यालयको गेटभन्दा उत्तरतर्फ कर्मचारी मिलन केन्द्र सम्म – **कार/मोटरसाईकल/साइकल** मात्र ।

२. नापी कार्यालय देखि सार्वजनिक सौचालय(मासु मण्डी) सम्म–**मोटरसाइकल/साइकल** मात्र ।

३. भेरी अञ्चल अस्पतालको गेट देखि उच्च अदालतको गेटसम्म–**मोटरसाइकल/साइकल** मात्र ।

४. हुलाक कार्यालय देखि चारबाहिनिको गेटसम्म–**कार/जिप आदी चार पाँग्रे सवारी साधन मात्र** ।

**निर्णय नं. ६ :**

नेपालगन्ज उप–महानगरपालिका क्षेत्रमा घरबास मिनाहाको जग्गामा धेरै ब्यवसायीहरुले कुनै पनि पेशा/ब्यवसाय गर्न चाहेको तथा गर्दै आएको भएपनि सो जग्गामा ब्यसाय गर्ने ब्यवसायीको ब्यवसाय दर्ता यस उप–महानगरपालिकाबाट नगरिएकोले सो क्षेत्रमा ब्यवसाय गर्ने ब्यवसायीहरुको पनि ब्यवसाय दर्ता गर्दा उप–महानगरपालिकाको राजश्व वृद्धि हुने र ब्यवसायीहरुले पनि सहज तरिकाले ब्यवसाय गर्न सक्ने विषयलाई मध्यनजर गरेर जुन वडामा सो जग्गा पर्दछ उक्त वडा कार्यालयको सिफारिस भएमा ब्यवसाय दर्ता गरिदिने साथै वडा कार्यालयको सिफारिस नभएको खण्डमा जग्गाधनिको घरबास मिनाहाको प्रमाण हेरी कार्यालयले उचित ठानेमा ब्यवसाय दर्ता गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

नेपालगन्ज उप–महानगरपालिकाको वडा नं.८ स्थित रानीतलाउ सञ्चालन र ब्यवस्थापनको लागि ठेक्कामा दिईएकोमा ठेकेदार पक्षले तोकिएको समयमा किस्ता नबुझाएको तथा बुझाउने तर्फ कुनै चासो नदेखाएकोले सो ठेक्का रद्ध गरिसकिएकोले रानीतलाउ ब्यवस्थापन र सञ्चालनको कार्य गर्न आवश्यक जनशक्ती दैनिक ज्यालादारीमा राखी उपमहानगरपालिकाको प्रशासन शाखाको प्रत्यक्ष समन्वयमा कार्य गर्ने जिम्मेवारी ८ नं.वडा कार्यालयलाई गर्न दिने तथा बोटिङ लगायत साविकका अन्य शूल्कहरु यथावत राखि प्रवेश शूल्क रु.१० कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

नेपालगन्ज भन्सार सिमा परिसरमा सवारी साधन पार्किङ ब्यवस्थापन गर्नको लागि जैसपुर युवा समितिसँग मिति २०७६/०९/०१ गतेदेखि लागु हुने गरि १ वर्षको सम्झौता गरिएकोमा कोभिड–१९ को कारणले राम्रो सँग काम गर्न नपाएको तथा सम्झौता अवधि मिति २०७७ मंसिर मसान्तमा समाप्त हुने भएकोले सोको म्याद थप गरिपाउँ भनि सो समितिले निवेदन पेश गरेकोले निजलाई २०७८ असार मसान्त सम्म मासिक रु.६,०००।–यस उप–महानगरपालिकालाई बुझाउने गरि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

नेपालगन्ज उप–महानगरपालिकाको वडा नं. १९ स्थित फुटाहाताललाई निजि क्षेत्रबाट सञ्चालन र ब्यवस्थापन गर्नको लागि वार्षिक ठेक्का अंक रु.५१,०००।–कायम गरि १० वर्ष अवधि राखि ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

## मिति २०७७/०९/०२ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १० :**

नेपालगन्ज उप–महानगरपालिका क्षेत्रको सुर्खेत रोडमा सडकको २५ मीटर क्षेत्रमा बनेका पुराना संरचना(अस्थायी स्थायी) र सो क्षेत्रमा बनेका नयाँ (अस्थायी मात्र) संरचनाहरुबाट व्यवसायकर तथा घरबहालकर उठाउने प्रयोजनार्थ नयाँ कार्यविधि बनाई सो क्षेत्रबाट राजश्व असुली गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

यस नेपालगन्ज उप महानगरपालिका वडा नं ४ मा सन्चालित श्री ने.रा. आधारभूत विद्यालय सल्यानी वागको नाम परिवर्तन गरि श्री "नेपालगन्ज कन्या मा.वि.,सल्यानीबाग" राख्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**

नेपालगन्ज उप महानगरपालिका वडा नं. ४ मा सन्चालित श्री नेपालगन्ज कन्या मा.वि. सल्यानीबागमा यस अघि नियुक्ति भएका कम्प्यूटर सहायक प्रशिक्षक र उर्दू भाषा सहायक प्रशिक्षकका साथै परामर्शदातालाई मिति २०७७ पौष १ गते देखि २०७८ असार मसान्तसम्म पुन: करार सम्झौता गर्न लगाई उक्त अवधि (७ महिना ) को पारिश्रमिक लागि आवश्यक पर्ने रकम रु.४,५५,०००।०० (अक्षेरुपी चारलाख पचपन्न हजार मात्र ) नेपालगन्ज उप महानगरपालिकाको गत आ.व.को अन्तमा बांकी रहेको मौंज्दात रकमबाट विद्यालयलाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

शैक्षिक सत्र २०७७ मा कक्षा थपका लागि पुन : निवेदन पेश गरेका विद्यालयहरुको अनुमती दिने प्रयोजनका लागि अनुगमन समितिले स्थलगत अनुगमन गरी शिक्षा समितिबाट कक्षा थप गर्नका लागि अनुमती दिने गरी सिफारिश भै आएका विद्यालयहरुलाइ निम्नानुसार कक्षा थप गर्ने निर्णय गरियो ।

| क.स. | विद्यालयको नाम | ठेगाना | सन्चालित कक्षा | थप अनुमती दिएको कक्षा |
|---|---|---|---|---|
| १ | वैजापुर युथभिजन इ.मि.स्कूल | ने.ग.४ | ८ | ९ |
| २ | आइसा मदरसा तलुन वनात आ.वि. | ने.ग.५ | ८ | ९ |
| ३ | मेरो टुकी प्रज्ञालय (नीजि गुठी ) | ने.ग.१ | पूर्व प्रा.वि. | १ |
| ४ | न्यू भिजन इ.मि.बो.स्कूल | ने.ग.७ | ३ | ४ |

**निर्णय नं. १४ :**

यस नेपालगंज उप–महानगरपालिका,नगर कार्यपालिकाको मिति २०७७ जेष्ठ १८ गतेको निर्णय अनुसार यस उपमहानगरपालिका क्षेत्र भित्रको फोहोरमैलाव्यावस्थापनको कार्यलाई सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप प्रभावकारी रुपमा संचालनको लागि प्रस्तावना पेश गर्न भनी दोस्रो पटक मिति २०७७/०७/२१ गते प्रकाशित सूचना अनुरुप तपसिल बमोजिमका वडाहरुको फोहोरमैला व्यास्थापनको कार्य संचालन गर्न देहाय बमोजिमका संस्थाहरुले प्रस्तावना र वडा कार्यालयको सिफारिस पेश गरेका तथा ति वडाहरुको फोहोरमैला व्यवस्थापनको कार्य संचालन गर्न अन्य कुनै पनि संस्थाहरुले प्रतावना पेश नगरेकाले तत्तत् वडाको फोहोरमैला व्यवस्थापनको तत्तत् संस्थासंग सम्झौता गरी संचालन गर्ने निर्णय गरियो।

# मिति २०७७/०९/०२ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

तपशिल:

| क्र.स. | संस्थाको नाम | कार्य संचालन गर्ने वडा |
|---|---|---|
| १ | स्वच्छ नेपाल हाम्रो अभियान, नेपालगंज बाँके | नेपालगंजउपमहानगरपालिका वडा नं.१ |
| २ | शान्ति सम्बृद्धि र विकासका लागि स्वच्छ तथा हरित नेपाल, नेपालगंज बाँके | नेपालगंजउपमहानगरपालिका वडा नं.७ र ११ |

**निर्णय नं. १५ :**

नेपालगंज उप-महानगरपालिका अन्तरगत नगर भवनको दक्षिण तर्फ सदरलाईनदेखि रंगशाला जाने सडक खण्ड चौडा गर्नुपर्ने र उक्त स्थानमा पाकिङ्ग सहितको सपिङ्ग कम्पलेक्स निर्माण गर्नका लागि डि.पि.आर. तयार गर्ने भनी नगर कार्यपालिकाको मिति २०७७।०७।२० को बैठकबाट निर्णय भएको हुँदा नगर भवनको दक्षिण तर्फ रहेको दमकलका कर्मचारी बस्ने लगभग ३५ बर्षे पुरानो भवन, दमकल राख्ने सेड तथा नगर भवन समेत अन्य संरचनाहरु लिलाम गर्ने निर्णय गरियो । यसरी लिलाम गर्दा पुरानो प्रशासनिक भवन र दमकल राख्ने सेड तत्काल लिाम गर्ने र नगर भवन विकल्प समेत मध्येनजर गरी पुन लागत अनुमान तयारी गरी दोस्रो चरणमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

नेपालगंज उपमहानगरपालिका र राजेन्द्र निर्माण सेवा विच सम्झौता भई कार्यान्वयन भइरहेको ठेक्का नं. ३६।०७५।०७६ Girls College Construction Work नेपालगंज उपमहानगरपालिका वडा नं. ८ को निर्माण कार्य नेपाल सरकारबाट घोषणा भएको लकडाउनका कारण समयमै सम्पन्न हुन नसकेको कारण उक्त ठेक्काको अवधि अन्तिम पटकको लागि २०७८।१।३० सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

चालु आ.व. २०७७।७८ को लागी सडक बोर्ड नेपाल अन्तरगत यस उपमहानगरपालिकाको वडा नं. १२ स्थित बी.पी चोक देखि पश्चिम दोन्द्रा नाला सम्मको सडक मर्मत गर्ने प्रकृया अगाडी बढाउन सडक बोर्ड नेपालमा सिफारिस गर्ने निर्णय गरियो । र उक्त योजना कार्यान्वयनका लागी आवश्यक पर्ने समपूरक वजेट यस उपमहानगरपालिकाबाट ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

यस उपमहानगरपालिकाको बृहत्तर बिकास र समृद्धीका लागि आवश्यक रहेको तर नगरसभा हुँदा अनुमान हुन नसकेको हुँदा बजेट रकम बिनियोजन नभएका तपशिल बमोजिमका योजनाहरुलाई तत्कालै अघि बढाउनुपर्ने भएकाले संञ्चित कोषमा मौज्दात रहेको (आ.ब.२०७७।७८ मा बिनियोजन नभएको) रकमबाट तपशिल बमोजिमका योजनाहरुका लागि तपशिल बमोजिमको रकम छुट्याई सो

## मिति २०७७/०९/०२ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

रकम नेपालगंज उपमहानगरपालिकाको बिबिध कोष खातामा जम्मा गरि सोहि खाताबाट खर्च गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कार्यक्रम/ आयोजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | महानगरपालिकाको DPR निमार्ण कार्य | २५,००,०००।०० | |
| २ | नगर भवनमा सपिङ कम्प्लेक्स निर्माण कार्यको DPR | ५,००,०००।०० | |
| ३. | नगर भवनमा सपिङ कम्प्लेक्स निर्माण कार्यको Soil Test | २,००,०००।०० | |
| ४. | चिल्ड्रेन पार्कको DPR | ३,००,०००।०० | |
| ५. | क्रिकेट स्टेडियम फुलटेकाको DPR | ५,००,०००।०० | |
| ६. | क्रिकेट स्टेडियम फुलटेकाको **Soil Test** | ४,००,०००।०० | |
| ७ | आ. प्र. शाखा र सा.प्र. शाखाको भण्डार कोठा निर्माण कार्य | ५,००,०००।०० | |
| ८. | अर्को सभा नहुन्जेलसम्मको लागी बत्ति बिजुलीको महशुल भुक्तानी | १०,००,०००।०० | |
| ९. | बिगत बर्षहरु जस्तै चिसो समयमा दाउरा बितरण कार्य | ५,००,०००।०० | |
| १०. | हिन्दु समशान घाटमा दाउरा ब्यवस्थापन कार्यका लागि | २,५०,००००।०० | |
| ११. | भुजईगाउं चौकदेखि कारकांदो राजमार्गको दायांबायां नालाको DPR | ५,००,०००।०० | |

**निर्णय नं. १९ :**

उषा किरण पत्रिकाले उक्त पत्रिका कार्यालयमा उपलब्ध गराए बापत निजले पेश गरेको बिलका आधारमा पत्रपत्रिका तथा सुचना प्रकाशन शिर्षकबाट ७० हजार रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २० :**

नगर बिकास कोष (TDF) बाट प्राप्त रकम रु.३,०४,६८,११९।०० (अक्षेरुपी. तीन करोड चार लाख अठसट्टी हजार एकसय उन्नाईस मात्र) बसपार्क निर्माण कार्य बापतको अन्तिम बिल भुक्तानीका लागि ठेकेदार युनाईटेड विल्डर्स एण्ड ईन्जिनियर्सलाई भुक्तानी कार्यका लागि उक्त रकम नेपालगंज उपमहानगरपालिकाको बिबिध कोष खातामा जम्मा गरि सोहि खाताबाट खर्च गर्न कार्यालयलाई निर्देशन र बचत हुन आउने रकम नगर बिकास कोषमा सावामा कट्टी हुने गरी नगर बिकास कोष (TDF) मै जम्मा गर्न फिर्ता गरिदिने निर्णय गरियो ।

## मिति २०७७/०९/०२ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. २१ :**

आ.ब. २०७६/७७ को अन्त्यमा धरौटी खातामा जम्मा हुनुपर्ने तपशिल बमोजिमको रकम भुलबश संञ्चित कोषमा जम्मा हुन गएकाले उक्त रकम कट्टी गएिको फर्म कै नाममा जम्मा गर्ने प्रयोजनका लागि उक्त रकम नेपालगंज उपमहानगरपालिकाको बिबिध कोष खातामा जम्मा गरि सोहि खाताबाट धरौटी जम्मा गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | फर्मको नाम | कार्य | धरौटी रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | सयपत्री सोलुसन प्रा.लि. | बारुणयन्त्र खरिद | ३,३६,२८४।०० | |
| २. | सिप्रदी ट्रेडिङ प्रा.लि. | होपर टिपर खरिद | २,९७,५६७।०० | |

**निर्णय नं. २२ :**

नेपालगंज उपमहानगरपालिकाको सार्बजनिक खरिद नियमावली, २०७६ मा रहेका तपशिल बमोजिमका नियम तथा उपनियमहरुमा तपशिल बमोजिम थप गर्ने निर्णय गरियो ।

क) नियम ७ मा उपनियम (ग) थप गरि "(ग) नगरसभाबाट बजेट बिनियोजन नभएको भएतापनी तत्कालै कार्य गर्नुपर्ने भनि नगर प्रमुख वा नगर कार्यपालिकाले तोकेको कार्यका लागी कुनै पनि श्रोतको व्यवस्था गरिएकोमा यस नियमावली बमोजिम खरिद प्रकृया अघि बढाउन सकिने छ ।"

ख) नियम १०७ (१) को अन्तमा "जनश्रमदानको अंश नगरकार्यपालिको निर्णय बमोजिमको हुनेछ ।"

ग) नियम १०७ (५) मा रहेको "बीस प्रतिशत" को ठाँउमा "सम्झौता रकमको एक तिहाई" शब्द संशोधन गर्ने ।

घ) नियम १०७ (६) मा उपनियम (क) थप गरि "(ग) निमार्ण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिवर्तन हुने वा थपघट हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संशोधन गरे पश्चात मात्र कार्य अघि बढाउनुपर्नेछ ।"

ङ) नियम १२९ (१) को "निमार्ण व्यावसायी," पछि "उपभोक्ता समिती," भन्ने शब्द थप गर्ने ।

**निर्णय नं. २३ :**

जनप्रतिनिधी उपचार कोषको सिफारिस बमोजिम "जनप्रतिनिधीहरुको बिमा, औषधी उपचार तथा बिमा सुबिधा सम्बन्धि कार्यबिधि, २०७७" बुँदा नं. ५ मा जनप्रतिनिधीहरुको कुनै कालगतिले मृत्यु भएमा काजक्रिया बापत रु एक लाख सहयोग गर्ने तोकिएकोमा सो सट्टामा काजक्रिया बापत रु पच्चिस हजार मात्र सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

नेपालगन्ज उप–महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, ०७६ को पच्छिेद–१२ को नियम १३८ (१) को आन्तरिक आयको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्थाको चौंथो तथा पांचौं लाईनको " **बढीमा तीन वर्षसम्म**" को सट्टा " बढीमा दश वर्षसम्म" कायम गर्ने गरि संशोधन गर्ने निर्णय गरियो ।

## मिति २०७७/०९/०२ गते बसेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. २५ :**

यस उपमहानगरपालिका वडा नं १९ बाट सार्वजनिक बाटो अतिक्रमण गरी साबिक बसुदेवपुर वडा नं. ३ स्थित नहरदेखि पश्चिम वडा नं १८ नमूना सडक जोड्ने शहरी बिकास आयोजनाको १० मीटर पक्की बाटो बनाउने क्रममा जग्गा धनी नारायण प्रसाद श्रेष्ठले बिच बाटोमै पर्खाल खडा गरी बाटो अवरोध गरेको सम्बन्धको पत्रका सम्बन्धमा छलफल हुंदा उपमहानगरपालिकाको सहमति तथा अनुमति बेगर जबरजस्ती सार्वजनिक बाटो अतिक्रमण गर्ने उद्धेष्यले अवरोध श्रृजना गरेको देखिएकोले सो अवरोध हटाई बिकास निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २६ :**

नेपाल सरकार, श्रम रोजगार तथा:सामाजिक सुरक्षा मंत्रालय (प्रधानमंत्री रोजगार कार्यक्रम) द्वारा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा ब्यवस्थापन) कार्यबिधि, २०७६ को कार्यान्वियनमा सहजिकरण गर्न बेरोजगार सुचि निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ को दफा ११ को प्रयोजनका लागि तयार भएको सूचिकृत बेरोजगार ब्यक्तीहरुको प्राथमिकताक्रमको सूचि सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ :**

नेपालगंज उपमहानगरपालिका, वडा नं. १९ (भुजईगाउं) को सोल्टी होटेलको पूर्वतर्फ रहेको करीब १९ कठ्ठा खाली सरकारी जग्गा मध्ये ९ (नौ) कठ्ठा Nepal Academy of Tourism & Hotel Management (नाथम) लाई र यातायात ब्यवस्था कार्यालयको लागि १० (दश) कठ्ठा जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २८ :**

नेपालगंज उपमहानगरपालिका, वडा नं. २१ र २२ मा पर्ने कान्तितालालाई सार्वजनिक सूचना मार्फत ठेक्का ब्यवस्था गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन राजश्व परामर्श समितिलाई अनुरोध गर्ने अनुरोध गर्ने निर्णय गरियो ।